वर्ष : २०, अंक : ४०, काठमाडौं, २०८१ चैत ८ गते शुक्रबार, 21 March, 2025, Friday पृष्ठ : ८, मूल्य रू : १०/-

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

डिजिटल प्लेटफर्ममा मधेशवाणी

https://www.facebook.com/madheshvaninews

https://x.com/madheshvani

https://www.youtube.com/@madheshvanit.v.7538

https://www.madheshvani.com

## जनमत र नाउपाबीच एकता तयारी तीव्र

**मधेशवाणी डेस्क**

काठमाडौं । डा.सीके राउत नेतृत्वको जनमत पार्टी र रेशमलाल चौधरी संरक्षक रहेको नागरिक उन्मुक्ति पार्टी (नाउपा)बीच एकीकरणको तयारीले तीव्रता पाएको छ । वर्तमान सरकारले थ्रेसहोल्ड बढाउने चर्चा चलेसँगै तराई-मधेशकेन्द्रित राजनीतिक दलहरुबीच मोर्चाबन्दी, गठबन्धन वा सहकार्यको प्रयास भइरहेकै बेला जनमत र नाउपाबीच एकता प्रक्रिया तीव्ररुपमा अगाडि बढेको हो । जनमत पार्टीसँग एकता गर्ने विषयमा नागरिक उन्मुक्ति पार्टीले पनि पार्टीभित्र आन्तरिक गतिविधिमा जुटेको छ ।



जनमत र नाउपाबीच एकीकरण भई निर्माण हुने नयाँ दलको नाम, चुनाव चिन्ह र झण्डाबारे पनि गहन छलफल भइरहेको छ । हाल जनमतको चुनाव चिन्ह हर्न रहेको छ भने नाउपाको ढकिया ।

यसैबीच, नाउपाले एकीकरण सम्बन्धी छलफलका लागि दुईदिने आकस्मिक बैठक बस्न लागेको छ । नाउपाले एकीकरण सम्बन्धी छलफल गर्नका शुक्रबार र शनिबार गरी दुई दिने केन्द्रीय सदस्यहरुलाई आकस्मिक बैठक भनेर बैठक डाकेको हो । पार्टी एकताको विषयलाई लिएर पार्टीका अध्यक्ष रञ्जिता श्रेष्ठ र संरक्षक रेशम चौधरी बिच मतान्तर रहेपनि संरक्षक चौधरीले एकता प्रक्रियालाई अगाडि बढाएका हुन् । यसैबीच जनमतका अध्यक्ष डा.राउत र नाउपा अध्यक्ष श्रेष्ठबीच पनि भेटवार्ता भएको थियो । सो भेटवार्ता सकारात्मक र फलदायी भएको नेताहरु बताउँछन् ।

एकताको विषयमा तलैबाट छलफल गराएर केन्द्रमा पुऱ्याउने र त्यसैको आधारमा पार्टीले निर्णय गर्ने नाउपाका एक नेताले भने । उनले भने, 'एकताको विषयमा पार्टीमा कुनै विवाद छैन, एकताको विषयमा तल पनि नेता तथा कार्यकर्ताहरूसँग कुरा बुझ्ने काम भइरहेको छ सबै राय बुझेर त्यसको रिपोर्ट माथि केन्द्रमा पठाउने र केन्द्रले त्यसैको आधारमा निर्णय गर्छ ।'

एकताको विषयमा अहिले हरेक तहमा छलफलहरू भइरहेका बताउँदै उनले जनमत पार्टीका नेताहरूसँग पनि कुराकानी भइरहेको जानकारी दिए । चौधरीले चैत ८ गतेदेखि बस्न लागेको नागरिक उन्मुक्ति पार्टीको केन्द्रीय समितिको बैठकले सबै विषय टुंगो लगाउने बताइएको छ ।

यता, जनमत पार्टीले पनि एकताको विषयमा आन्तरिक छलफलहरू चलाएको छ । पार्टी एकताका लागि छलफल गर्न जनमत पार्टीले तीन सदस्यीय कार्यदल गठन गरिसकेको छ । कार्यदलमा उपाध्यक्ष अब्दुल खान, प्रवक्ता डा.शरदसिंह यादव र पार्टीका नेता बालगोविन्द चौधरी रहेका छन् । कार्यदलका सदस्य एवं प्रवक्ता डा.यादवका अनुसार एकता प्रक्रिया सकारात्मक रूपमा अगाडि बढेको छ, नागरिक उन्मुक्ति पार्टीका नेताहरूसँग आन्तरिक रूपमा छलफल चलिरहेको छ, चाँडै टुङ्गो लाग्छ ।

यी दुई दलबीच एकीकरण भयो भने तराई-मधेशमा पहिलो शक्ति बन्ने छ । प्रतिनिधिसभामा जनमतको ६ र नागरिक उन्मुक्तिको ४ सिट छ । नागरिक उन्मुक्तिका सांसद प्रदेशतर्फ सबैभन्दा बढी सुदूरपश्चिममा सात जना छन् । त्यस्तै लुम्बिनीमा चार र मधेशमा एक सांसद छन् । मधेश प्रदेशमा जनमत पार्टीका १३ सांसद छन् भने लुम्बिनी प्रदेशमा तीन जना सांसद छन् ।

जनमतका महासचिव चन्दन सिंहले तराई-मधेशमा निर्णायक एवं वैकल्पिक शक्ति बन्ने मुख्य उद्देश्यका साथ पार्टी एकतामा जुटेको बताए । पहिचानवादी र परिवर्तनकामी शक्तिबीच एकता गरेपछि मात्र मुद्दा अघि बढाउन सहज हुने उनको धारणा छ । थरुहट र मधेश एक भए आगामी निर्वाचनमा आफ्नो मुद्दा लागू गर्न सहज हुने निष्कर्ष केन्द्रीय कमिटी बैठकले निकालेको उनले जानकारी दिए ।

नेताहरूका अनुसार पार्टी एकताका लागि मधेश, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका जिल्ला तहमा छलफल चलिरहेको छ । उन्मुक्तिका एक नेताका अनुसार एकतापछि बन्ने पार्टीको संरचनाबारे जिल्ला तहमा छलफल चलिरहेको छ । स्थानीय तहमा पनि पार्टी एकताको चर्चा सुरु भइसकेको छ ।

## मधेशी आयोगले मनायो वार्षिकोत्सव



काठमाडौं । मधेशी आयोगले स्थापनाको छैठौं वार्षिकोत्सव मनाएको छ । बिहीबार काठमाडौंस्थित नेपाल प्रज्ञा प्रतिष्ठानमा आयोजित आयोगको वार्षिकोत्सवमा प्रमुख अतिथि प्रतिनिधिसभाकी उपसभामुख इन्दिरा रानाले मधेश यो देशको मुटु रहेको बताएकी छन् । मधेशमा अपार सम्भावनाहरु हुँदाहुँदै पनि सबभन्दा पछाडि परेको भन्दै चिन्ता व्यक्त गरिन् । उनले भनिन्, 'म मधेशको कुनाकुनामा पुगेकी छु । मधेशमा विकास र समृद्धिका लागि अपार सम्भावनाहरु छन् । तर, राज्यले उचित व्यवस्थापन नगर्दा पछाडि पऱ्यो ।'

कार्यक्रममा निमित्त अध्यक्ष जिवछ साहले मधेशी आयोगले ६ वर्षको अवधिमा धेरै उपलब्धिहरु हासिल गरेको बताए । उनले आयोगले पञ्चवर्षीय रणनीतिक योजना तयार गरी कार्यान्वयनका लागि नेपाल सरकार समक्ष पेश गरेको बताए । आयोगले स्थापनाकालदेखि नै 'नैतिकवान' मधेश र सशक्त नैतिक शिक्षा कार्यक्रम सञ्चालन गरेको छ । मधेशी समुदायको इतिहास र संस्कृतिको पहिचान, हकहितको संरक्षण र सम्बर्द्धन तथा मधेशी समुदायको सशक्तिकरण गर्नु नै यस आयोगको मुख्य उद्देश्य रहेको जनाएको छ । नेपालको पूर्वदेखि पश्चिम, दक्षिणी भूभागमा अवस्थित मधेशका बासिन्दाको हकहितका लागि तत्परताका साथ काम गर्ने सहयोगी संस्था मधेशी आयोग हो ।

मधेशी समुदायको कानूनी, नीतिगत र संस्थागत सुधार, मधेशी समुदायको सशक्तिकरण, हकहितको संरक्षण, मधेशी समुदायसँग सम्बन्धित नीति तथा कार्यक्रम कार्यान्वयन, आर्थिक र सामाजिक सशक्तिकरण आयोगको प्रमुख कार्य रहेको छ ।

## अध्यक्ष डा.दत्तको अवकाश



काठमाडौं । मधेशी आयोगका अध्यक्ष डा.विजयकुमार दत्त आफ्नो ६ वर्षको कार्यकाल समाप्त गरी पदबाट अवकाश लिई विदा भएका छन् । नेपालको संविधान २०७२ जारी भएपछी मधेशी आयोगका प्रथम अध्यक्ष रुपमा डा.दत्तले २०७५ साल चैत्र ७ गते संवैधानिक परिषदको सिफारिसमा संसदीय सुनुवाई समितिबाट नाम अनुमोदन भई तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारी समक्ष सपथ लिएका थिए ।

अध्यक्ष डा. दत्तको नेतृत्वमा आयोगले शुन्य बेरुजु कायम गरी पुरष्कृत भएको, जनक दर्शन, आयोगको ६ वर्षको अवसर र चुनौती, मधेशी समुदायको राज्यमा पहुँच जस्ता दर्जनौ प्रकाशन, संवैधानिक तबरबाट मधेशी को हुन् भन्ने पहिचान गरी मधेशी समुदायको थर सूचीकरण, नश्लीय दुर्व्यवहारका घटनाहरु माथि यथाशिघ्र कारवाही जस्ता महत्वपूर्ण कामहरु भएको डा.दत्तले जानकारी दिएका छन् ।

## म कुनै अभियानमा जोडिएको छैन : डा.अहिराज



काठमाडौं । मधेश प्रदेशका प्रर्वप्रदेश प्रमुख डा.राजेश अहिराजले आफू आजसम्म कुनै दल, समूह वा कुनै राजनीतिक अभियानमा नलागेको बताएका छन् । राजसंस्था पुनर्स्थापनाका लागि गठित संयुक्त जनआन्दोलन समितिको सल्लाहकारमा आफ्नो नाम राखिएकोमा पूर्वप्रदेश प्रमुख डा. अहिराजले असन्तुष्टि जनाउँदै यस्तो प्रतिक्रिया दिएका हुन् ।

राजावादीहरूले सोमबार पत्रकार सम्मेलन गरी समिति र समितिका सल्लाहकारको नामावली सार्वजनिक गरेको थियो । सल्लाहकार समितिमा डा.अहिराजको पनि नाम थियो । तर, अहिराजले भने उक्त समितिको सल्लाहकारमा आफू नभएको र आफूसँग कुनै सल्लाह पनि नगरिएको प्रष्ट्याएका हुन् । डा.अहिराजले सामाजिक सञ्जाल एक्समा लेखेका छन्, 'देश प्रतीको माया र जनताको सुरक्षित भविष्यका लागि हरपल तयार छु । मेरो सहमति, जानकारी वा छलफल बिना कसैले कुनै समितिमा मेरो नाम नराखिदिनु होला । म आजसम्म कुनै दल, समूह वा कुनै राजनीतिक अभियानमा जोडिएको छैन । म स्वतन्त्र विचार राख्ने र देशलाइ माया गर्ने आम नेपाली मात्र हो ।'

राजा फर्काउने निर्देशक समितिको संयोजकमा नवराज सुवेदी छन् । यसैगरी सदस्यहरुमा अस्मिता भण्डारी, कमल थापा, केबरबहादुर विष्ट, दुर्गा प्रसाई, पशुपति शमशेर राणा, प्रकाशचन्द्र लोहनी, रमा सिंह, रविन्द्र मिश्र, राजेन्द्र लिङ्देन र हरिबहादुर बस्नेत छन् । निर्देशक समितिको प्रमुख सल्लाहकारमा डा. जगमान गुरुङ तथा सल्लाहकारमा बुद्धिराज बज्रचार्य, डा. शास्त्रदत्त पन्त, डा. राजेश अहिराज र खेमराज राई रहेको उल्लेख छ ।

## मधेशी कर्मचारी मञ्चको महाधिवेशन सऱ्यो

काठमाडौं । निजामती कर्मचारीहरुको राष्ट्रिय स्तरको ट्रेड युनियन नेपाल मधेशी निजामती कर्मचारी मञ्चको चौथो महाधिवेशनको तिथि सरेको छ ।

यसअघि २०८१ चैत्र ७-९ गतेसम्म जनकपुरधाममा सम्पन्न गर्ने गरी निर्धारित गरिएको महाधिवेशन मञ्च आवद्ध जिल्ला तथा विभागिय कार्य समितिहरुको अधिवेशन सम्पन्न हुन नसक्नु तथा आन्तरिक व्यवस्थापकीय तयारी नपुगेको कारण महाधिवेशन तिथि सरेको जनाइएको छ ।

चौथो महाधिवेशन सारिएको जानकारी मञ्चले मिति २०८१।११।२८ को परिपत्र मार्फत सरोकारीत सबैलाई गराइसकेको छ ।

यसरी सारिएको चौथो महाधिवेशन सम्पूर्ण आन्तारिक तयारी पुरा गरी मिति २०८२ बैसाख ५-७ गते जनकपुरधाममै सम्पन्न गर्ने समेत जानकारी गराएको छ ।

## राष्ट्रिय मुक्ति पार्टीमा प्रवेशको लहर

स्वदेशवाद, वहुलराष्ट्रवाद र सामुदायिक समाजवादको मार्ग निर्देशक सिद्धान्तलाई आत्मसात गर्दै बहुल राष्ट्रिय राज्यको स्थापना हेतु राष्ट्रिय मुक्ति क्रान्तिको महाअभियानमा सरिक हुन दुई सयभन्दा वढी नेता कार्यकर्ताहरु विभिन्न पार्टी परित्याग गरि राष्ट्रिय मुक्ति पार्टी नेपालमा आज एक भव्य कार्यक्रमको आयोजना गरि प्रवेश गरेका छन। यही क्रममा राजधानीको कृष्णभोग पार्टी प्यालेश नयाँ बानेश्वर काठमाडौंमा पार्टीले आयोजना गरेको पार्टी प्रवेश कार्यक्रममा अविरल लामा र विश्वास तामाङको नेतृत्वमा दुई सयभन्दा बढि यूवाहरु प्रवेश गरेका छन् ।



पार्टी प्रवेश कार्यक्रमलाई संबोधन गर्दै पार्टी अध्यक्ष तथा पुर्व उपप्रधानमन्त्री राजेन्द्र महतोले देशमा लादिएको एकल पहिचान र शासनविरुद्ध बहुल पहिचान र बहुल शासन कायम गराउनु आवश्यक रहेकोले देशमा बहुल पहिचान कायम गरी बहुलराष्ट्रिय राज्यको स्थापना गर्न यो पार्टी अगाडी बढेकोमा यस परिवर्तनको लडाईमा यूवाहरु सक्रिय भएर लाग्नुपर्ने बताए । अहिलेका प्रमुख राजनीतिक दलका शिर्ष नेताहरुले विगत ३५ वर्षमा देशलाई एकल नश्लीय चरीत्रको आधारमा शासन सत्ता संचालन गरेकाले अनेक समस्या उत्पन्न भयो र देश आर्थिक रुपमा धारासायी हुन पुग्यो। देशको अर्थतन्त्र उकास्न, अधिकार पहिचानको स्थापना र स्वशासनको अभ्यास गराउन सारा नेपाली जनता एकजुट भएर लाग्नुपर्ने बताए।

कार्यक्रममा पार्टीका नेताहरु बुद्ध छिरिङ मोक्तान, कौशल कुमार सिंह, सुमन सायमी, केशव झा, संतोष मेहता, कमला गुरुङ, जुनतारा मगर, अनील महासेठ, रविन्द्र कुमार श्रेष्ठ लगायतका वक्ताहरुले पार्टीको विचार र भावी कार्यक्रमबारे बोलेका थिए । यसअघि राष्ट्रिय मुक्ति पार्टीमा विभिन्न चरणमा हजारौं जनाले पार्टी प्रवेश गरी सकेका छन् ।

## योग्यतामाथि कांग्रेस-एमालेको संस्थागत अन्याय



सरोज राय

डा. संगीता मिश्रा र डा. राम प्रबोध चौधरी पछि अब डा. प्रमोद यादव पनि शिकार!

(एमाले-कांग्रेस गठबन्धन सरकार मधेसी लगायत उत्पीडित समुदायलाई पेलेर नै जाने कसम खाएको देखिन्छ)

नेपालको प्रशासनिक संरचनामा संस्थागत विभेदको घेरो अझै तोडिएको छैन। योग्य, अनुभवी, र वरिष्ठ कर्मचारीहरूलाई जातीय, क्षेत्रीय, र लिंगको आधारमा दोयम दर्जाको व्यवहार गरिन्छ। पछिल्ला केही घटनाहरूले प्रमाणित गरिरहेका छन् कि योग्यता, वरिष्ठता, र अनुभवको सम्मान भन्दा पनि सत्ता, पहुँच, र पूर्वाग्रहलाई प्राथमिकता दिइएको छ।

डा. प्रमोद यादव, जो निजामती कर्मचारी अस्पताल (Civil Service Hospital) को कार्यकारी निर्देशक छनोट प्रक्रियामा पहिलो स्थानमा सिफारिस भएका थिए, उनलाई पनि पदबाट बञ्चित गरियो। लोक सेवा आयोगको सिफारिस समितिले उनलाई पहिलो नम्बरमा सिफारिस गरेको भए पनि, तेस्रो नम्बरका डा. मोहन चन्द्र रेग्मीलाई नियुक्त गरियो। यो निर्णयले फेरि एक पटक देखायो कि मेरिट र योग्यता भन्दा जातीय तथा राजनीतिक समीकरणलाई बढी प्राथमिकता दिइन्छ।

डा. संगीता कौशल मिश्रा, जो स्वास्थ्य सचिव पदका लागि सबैभन्दा वरिष्ठ उम्मेदवार थिइन्, उनलाई बढुवाबाट बञ्चित गरियो। लोक सेवा आयोगको बढुवा सिफारिस समितिले उनीलाई पहिलो नम्बरमा सिफारिस गरे पनि मन्त्रिपरिषद्‌ले दोस्रो नम्बरमा रहेका डा. विकास देवकोटालाई नियुक्त गर्‍यो। मधेसी महिला भएकै कारण उच्च तहमा उनको स्वीकार्यता छैन भन्ने राजनीति गरिएको देखिन्छ। सचिवस्तरमा महिला कोटा अन्तर्गत बढुवा भएका थुप्रै महिलाहरू छन्, तर जब मधेसी महिला मेरिटका आधारमा अगाडि बढ्छिन्, उनीहरूलाई रोक्ने सञ्जाल सक्रिय हुन्छ।

डा. राम प्रबोध चौधरी, जो एमडी पञ्चकर्ममा विशेषज्ञता हासिल गरेका वरिष्ठ चिकित्सक हुन्, उनलाई कोशी प्रदेशमा वरिष्ठता तोडेर बञ्चित गरियो। उनी २१ वर्षदेखि सरकारी सेवामा समर्पित छन्, दुर्गम जिल्लाहरूमा वर्षौं सेवा दिएका छन्, तर जब उनले खुला प्रतिस्पर्धाबाट बढुवा पाउनुपर्ने समय आयो, उनलाई ७ वर्ष कनिष्ठ उम्मेदवारलाई अघि सार्दै अन्याय गरियो। उनले न्यायका लागि सिंहदरबार प्रशासनिक अदालतमा पूनरावेदन मुद्दा दायर गरेका छन्, तर यो घटनाले नेपालको स्वास्थ्य प्रशासनमा जातीय र क्षेत्रीय पूर्वाग्रह गहिरो रूपमा रहेको पुष्टि गर्छ।

*बाँकी अन्तिम पृष्ठमा*

## सम्पादकीय

### मधेशमा बढ्दै असन्तुष्टि र अवसरवादी चरित्र

मधेशको मुद्दालाई निस्तेज गर्ने राज्यको षडयन्त्र, राज्यको प्रलोभनमा विचारहीन बनेका मधेशका नेतृत्व मण्डलका नैराश्य गतिविधीका कारण मधेशमा असन्तुष्टता व्यापक रुपमा बढ्यो । दास मानसिकतालाई चिरेर बाहिर निस्किने मधेशको ठूलो प्रयास अन्ततः विफल नै भएको छ । राज्य विरुद्ध मधेशले गरेको पहिलो बलिदानी संघर्षले तात्विक उपलब्धि लिन सकेन । फलतः मधेश पुनः यथास्थितिमा बस्न बाध्य भयो । पछाडि धकेलिएको मधेशमाथि राज्यले विस्तारै भेदभावको जाल फिजाउन शुरु गऱ्यो ।

मधेशमा रहेको अवसरवादी चरित्र पनि असफलताको ठूलो कारण बन्यो । शदियौंदेखि उत्पीडनबाट मुक्त गर्न शहादत दिएर पनि मधेशका वीर सपूतहरुले दासताको जंजीर तोडेर आफ्नो अधिकारका लागि संघर्ष गर्न उत्प्रेरित गऱ्यो । संघर्षको मशाल बाल्न एक होइन, दुई होइन, सयकडौं मधेशका वीर सपूतहरुले प्राणको आहूति दिए । उठेको संघर्ष कहिले पनि नमरोस्, दास मनोवृति विरुद्ध मधेशका अमर शहीदहरुले संघर्षलाई जीवित राख्न युवाहरुलाई दिएको सन्देश अर्थहीन भएको छ । युवाहरु अगुवाहरुको अनुसरण गर्दै घोर अवसरवादको दलदलमा फँसेको छ । अधिकारवादी आन्दोलन दिशाहीन भएकोप्रति कसैको चासो छैन ।

संविधान सभाको पहिलो चुनावमा (०६४साल) मधेशका दलहरु मिलेर १२ प्रतिशत मत संकलन गरेका थिए । मधेशको अधिकार दिलाउन प्रतिबद्ध दलहरु त्यस पश्चात् १२ प्रतिशतको सीमारेखा पार गर्न सकेन, अर्थात् मधेशले विश्वास गर्न छोड्यो । समय मै यसको कारण पत्ता लगाई आफू सच्चिएर आएको भए मधेशको राजनीति ट्र्याकमा रहन्थ्यो । पारस्परिक भैं भगडाका कारण नेतृत्व संदिग्ध भयो नै, मधेशले विश्वास गर्न छोड्यो ।

केही सीट जितेर राज्यसुख भोग्ने, आसेपासेलाई पाल्नेबाहेक अधिकार आन्दोलनको दिशा मुखर छैन । कसरी हुने सोच पनि छैन । यसैलाई यथास्थिति भनिन्छ । अधिकार आन्दोलनले आफ्नो मुख्य शत्रु ठम्याएर त्यसका विरुद्ध संघर्ष तीखो पार्छ । तर यहाँ राजनीतिमा शत्रु र मित्र केही हुँदैन त्यसको मन्त्र जाप हुने चलन छ । अन्योलग्रस्त विचारले पनि गन्तव्यमा पुऱ्याउँछ ? अधिकार आन्दोलन गर्ने र राज्यसुख भोग्ने द्विविधायुक्त विचार बोकेर दुवै ठाउँमा आफ्नै उपस्थिति दर्शाउने तर उपलब्धि केही नहुने आदि क्रियाकलापले मधेश भन् निराश भयो । मधेशको विश्वासलाई जित्न सक्ने त्यस बमोजिमका आकर्षक गतिविधी दिन नसकेको कारण मधेशले विश्वास गर्न छाडेर अन्ततः शासक पार्टीलाई नै रोज्न बाध्य भयो । मधेशको राजनीति गर्ने दलहरुको दिशाहीन गतिविधीका कारण मधेश पुनश्चः नेपाली काँग्रेस, नेकपा एमाले तथा माओवादी केन्द्रलाई रोज्न थाल्यो । जसको विरुद्ध आन्दोलन केन्द्रीत थियो त्यसैको पार्टीमा मधेशीहरुको पलायन मधेशका दलहरुका लागि उपलब्धि हो कि हानी, यसको पनि लेखाजोखा गर्ने फुर्सद नरहेको दलहरुले मधेशको लागि के गर्ला ?

### मदिरा तथा नशालु पर्दाथ सेवनतर्फ युवापिढि र बढ्दो दुर्घटना



सुनिता साह क्रान्ति

गाडि सुविधा हो कि ...? यमराज !! आखिर हाम्रो नेपाली समाजलाई कसले कसरी पुऱ्याए ? युवायुवतिसम्म नशालु पदार्थ सेवन कहाँबाट कसले सिकायो ? रक्सी भित्रिन्छ यी ज्यान लिने नशालु, पेय पदार्थ मदिरा जसको शिकारबाट घर-घरमा छिरिसके । यी दलदलका मोहजाल वास्तवमा जति हामी जे कुरालाई बेवास्ता गर्दै गयौं आज ती बेवास्ताकै कारण दुर्व्यसनीका शिकार हुनबाट सायदै कोही घरका सन्तान बाँकी होलान् । जसको कारण गाडि दुर्घटना दिनहुँ अनगिन्ती क्रममा बढ्दै गएको छ ।

यसले कयौं सन्तानविहीन त कयौं अभिभावकविहीन, टुहुरा, बुढेसकालको सहारा भनि जन्माएको सन्तान गुमाउनु पढेको व्यथा र पीडा अनि कथा बन्दै गरेको अहिलेको हाम्रो समाजको यथार्थ चित्रण छ । जसमा सरकार, सुरक्षाकर्मी र अन्य निकाय समेतको अथक प्रयास हुँदाहुँदै पनि सफल हुनुको सट्टा अझ दलदलको शिकार बन्दै गरेको पाइन्छ । चोरी, डकैती तथा हत्या, हिंसा, बलात्कार इत्यादि जस्ता अपराध हाम्रो देशमा नै यी विकृति, विसंगतिको कारण युवाहरुको भविस्यप्रति सरकारले अब गम्भीर हुन अत्यन्तै जरुरी देखिन्छ । अर्थात् जुन आमाबावु अनेकौं कष्ट, पीडा गरी आफ्ना सन्तान जन्म दिई पालनपोषण गर्दै आफ्नो बुढेसकालको लौरो यानि सहाराको रुपमा र आफ्ना वंशको सपनाको परिकल्पना आफु जिउँदै आफ्नै आँखा अगाडि आफ्ना ती सन्तान कुलतका शिकार भइरहेका छन् । दुर्घटनामा परि कति जिउँदै रहदा पनि शारिरिक क्षति भई उल्टै ती बुढेसकालको सहारा कता हो कता त्यस अवस्थामा जुन आफ्नो घर घडेरि समेत बेचि उपचार गराउदा नसकिने अवस्था विद्यमान छ । सामाजिक सन्जालमा गुहार लगाई आफ्नो सन्तानको ज्यान जोगाउन चन्दा र सहयोग माग्दै गर्दा कयौं गुहारहरु आइरहेको देख्दा यी समस्या वास्तवमा आजको दिनमा हामी नेपालीले यसप्रति गम्भीर भई चिन्तन मनन गर्ने पर्ने भएको महसुस भइरहेको देखिन्छ ।

किनकि यो जोखिम हामी आफैले निम्त्याएको जस्तो देखिन्छ । जुन समाजमा एकअर्काप्रति प्रेमभाव र संस्कार नहुँदा यस्तो हुनु अस्वभाविक होइन । जहाँ ती बच्चाको शारिरिक विकास दूध खाएर हुनुपर्नेमा अहिले रक्सी खाइरहेको पाइन्छ । हातमा चुरोट सल्गाउदै मुखबाट आफ्नै जन्मदिने आमा लगाएर फोहोर - फोहोर शब्द निकाल्दै गालि गर्दै गरेको साना- साना बालबालिकामा यसरी क्रियाकलापहरु समाजमा जहितहि हेर्न र सुन्न पाईन्छ ।

के यसमा अभिभावक दोषी होइनन् ? या ती समाजमा बस्ने छरछिमेकी दोषी होइनन् ? अनि ती विद्यालय शिक्षाको मन्दिरमा शिक्षक, शिक्षिका जसलाई हामी गुरु भनि पुजनीय आदर गर्ने गर्दछौं के वहाँहरुको शिक्षा, संस्कार यहि व्यवहार बोली वचन सिकाएको हो ? मनमा एक ठूलो प्रश्न उत्पन्न हुने गर्दछ । के स्कुलमा बच्चा दिनभरको बसाइँमा गुरुले के सिकाउने गर्दछ ? यस्तो बच्चा हुनुमा कसको लापरबाही हो ? जिम्मेवार एक अभिभावक मात्रै पर्छ कि या हामी समाज, सरकार सम्पूर्ण यसका निवारण सुधार केन्द्र खोलेर हुन्छ त ? या रक्सीको पसल जथाभावी खुलाएर स्थानीय सरकार करको पैसा लोभमा कतै आफ्नै खुट्टामा आफैले वन्चरो लगाइरहेको त छैन ? के सोच्नुपर्ने हो कि होइन ?

# मधेशमा विद्यालय शिक्षा : सामान्य परिचय

तुलनात्मक रूपमा मधेश प्रदेशको साक्षरता अवस्था कमजोर छ । ६४ प्रतिशत मात्र साक्षर रहेको मधेश प्रदेशमा महिलाको साक्षरता दर पुरुषको तुलनामा निकै कम छ । साक्षरमध्ये ७२ प्रतिशत पुरुष र ५५ प्रतिशत मात्रै महिला छन् । मधेश प्रदेशमा सबैभन्दा बढी साक्षरता भएको जिल्ला पर्सा र कम साक्षरता भएको जिल्ला रौतहट हो ।

अन्त्य गरी रचनात्मक एवं सिर्जनात्मक माहोल निर्माण गर्नुपर्दछ । मधेशको शैक्षिक विकास प्रयासमा तीनवटै तहको सरकारबीच नीतिगत र कार्यगत एकता तथा अग्रसरता एवम् हाम्रो सकारात्मक र रचनात्मक भूमिका आवश्यक छ ।

शिक्षाको काम भनेको असमानता घटाउने र समानता वृद्धि गर्ने पनि हो । लैङ्गिक समता सूचक हेर्ने हो

कमजोर हुनुको प्रमुख कारण संघको प्रयास र पठाउने स्रोतसाधन कम भएकाले हो भन्न सकिन्छ । यस कुरालाई मधेश प्रदेशमा शिक्षक विद्यार्थी अनुपात सबै प्रदेशमा भन्दा बढी हुनु र भौतिक निर्माणका कोटा वितरण कम हुनुले पुष्टि गर्छ । राज्यबाट छुट्टाइएको स्रोतसाधन बढी दुरुपयोग हुने प्रदेश पनि यो प्रदेश नै हो भन्ने कुरा विगतमा देखिएका

उपलब्धिसँग जोडिनुपर्छ । शैक्षिक उपलब्धि वृद्धि गर्नका लागि शिक्षक दरबन्दीको न्यायोचित वितरण, विषयगत दरबन्दीको व्यवस्था, भौतिक पूर्वाधर निर्माण जस्ता कुराहरूलाई पनि महत्त्व दिइनुपर्छ ।

तहगत रूपमा विद्यार्थी संख्याका आधारमा आधारभूत तह (कक्षा १-५) मा ७,६०,८९८ विद्यार्थीसहित मधेश प्रदेश पहिलो स्थानमा, आधारभूत तह (कक्षा ६-८) मा ३,०९,३३६ विद्यार्थी सहित मधेश प्रदेश तेस्रो स्थानमा, माध्यमिक ( कक्षा ९-१०) मा १,७२,६६८ विद्यार्थीसहित मधेश प्रदेश चौथो स्थानमा र माध्यमिक तह (कक्षा ११-१२) मा ७४,३३२ विद्यार्थीसहित मधेश प्रदेश पाँचौं स्थानमा रहेको छ । अन्य प्रदेशको तुलनामा मधेश प्रदेशमा आधारभूत र माध्यमिक तह पूरा गर्ने विद्यार्थीको संख्या न्यून रहेको छ

शिक्षा प्रशासन र व्यवस्थापनमा नवीनता आवश्यक छ ।

शिक्षकलाई त्राहीमाम गर्ने शैक्षिक प्रशासनको ठाउँमा शिक्षकलाई अभिप्रेरित गर्न सक्ने, शिक्षकलाई नतिजामूलक ढंगले परिचालन गर्न सक्ने, शिक्षण सिकाइका नवीनतम् पद्धतिको विकास र प्रयोगमा सहजीकरण गर्न सक्ने, शिक्षकको पेशागत विकासलाई नयाँ क्षितिजतर्फ अग्रसर गराउन सक्ने, अत्यावश्यकीय स्रोतसाधनको व्यवस्थापन गर्न सक्ने, शिक्षामा पर्याप्त लगानीको जोहो गर्न सक्ने र अन्वेषणशील स्वरूपमा शैक्षिक प्रशासन र व्यवस्थापन गर्न सक्ने पूर्वक्रियाशील शैक्षिक प्रशासन र व्यवस्थापन आजको आवश्यकता हो । तब मात्र नतिजा अपेक्षित रूपमा हासिल गर्न सकिन्छ

मधेश प्रदेशमा SEE को अवस्था

मधेश प्रदेशमा एसइईको नतिजा सन्तोषजनक छैन ।

किन मधेश प्रदेशमा SEE को नतिजा राम्रो आउन सकेन ?

शिक्षकले राम्रोसँग कर्तव्य पूरा नगरेका कारणले विद्यार्थीले राम्रो नतिजा ल्याउन नसकेको गुनासो छ । केही हदसम्म यो गुनासोमा सत्यता पनि छ । केही शिक्षकहरू स्कुलमा नपढाएर राजनीतिक दलका नेता बनेर स्कुलबाहिर घुमिरहने, बाहिर काम गरेर थाकेर स्कुलमा आराम गर्न मात्र जाने, स्कुलमा पढाउन अल्छी गर्ने र विद्यार्थीलाई ट्युसन पढ्न प्रेरित गर्ने जस्ता कार्यहरू गरेकाले स्कुलमा राम्रो पठनपाठन हुनसकेको छैन । केही ठाउँमा त नक्कली सर्टिफिकेटधारी शिक्षकहरूले समेत पढाउने गरेको बारम्बार सुन्ने गरिन्छ । यस्तै शिक्षकहरूका कारणले पनि स्कुले शिक्षा खस्केको हो ।

परीक्षा प्रणालीमा सुधारका कुरा केन्द्राध्यक्षको चयनमा निष्पक्षता, पारदर्शिता र विश्वसनीयता अपनाउन सकिए र उनीहरूलाई जिम्मेवार बनाउन सकिए एसइई परीक्षामा सुधार गर्न सकिन्छ ।

Flash 1 Report 2080

5.10 SURVIVAL RATE AT SECONDARY LEVEL

UIS defines survival rate as the percentage of a cohort of students enrolled in the first grade of a given level or cycle of education in a given school year who are expected to reach a given grade, regardless of repetition. Table 5.10 provides the percentage of students that reaches grade 9 (survival rate for grade 9) and percentage of students that reaches grade 12 (survival rate for grade 12) along with other details. Table 5.10 uses the cohort reconstruction method to calculate the required survival rates for grade 9 and 12.

Table 5.10: Survival rates at secondary level

| Province | Survival rate to Grade 10 | | | Survival rate to Grade 12 | | |
|---|---|---|---|---|---|---|
| | Girls | Boys | Total | Girls | Boys | Total |
| Koshi | 70.4 | 70.4 | 70.4 | 39.1 | 36.8 | 38.0 |
| Madhesh | 68.7 | 69.8 | 69.3 | 35.7 | 33.5 | 34.6 |
| Bagmati | 70.7 | 70.2 | 70.5 | 38.6 | 37.6 | 38.1 |
| Gandaki | 69.2 | 68.5 | 68.9 | 36.3 | 34.5 | 35.4 |
| Lumbini | 70.2 | 69.0 | 69.6 | 39.5 | 38.1 | 38.8 |
| Karnali | 69.8 | 70.4 | 70.1 | 37.2 | 35.8 | 36.5 |
| Sudurpaschim | 69.3 | 71.0 | 70.2 | 40.4 | 37.7 | 39.1 |
| **Nepal** | **69.8** | **69.9** | 69.8 | **38.1** | **36.3** | **37.2** |

Flash I Report 2080 – Total Students

| Province Name | Total Students | | | Dalit Students | | |
|---|---|---|---|---|---|---|
| | G10 | | | G10 | | |
| | Girls | Boys | Total | Girls | Boys | Total |
| Madhesh | 45648 | 49859 | **95507** | 6003 | 6507 | 12510 |

Flash I Report 2080 – Total Students

| Province Name | Total Students | | | Dalit Students | | |
|---|---|---|---|---|---|---|
| | Grade 1 | | | Grade 1 | | |
| | Girls | Boys | Total | Girls | Boys | Total |
| Madhesh | 92072 | 100203 | 192275 | 18726 | 20712 | 39438 |

मानव विकास सूचकांकमा मधेश प्रदेश सातै प्रदेशमध्ये पुछारमा छ । मधेश प्रदेशको मानव सूचकांक ०.५१ प्रतिशत मात्र छ । लैंगिक विकास सूचकांकमा पनि मधेश प्रदेश ०.९२९ प्रतिशत मात्र छ । यो पनि अन्य प्रदेशको तुलनामा सबभन्दा पछि छ । लैंगिक असमानतामा मधेश प्रदेश भने तेस्रो धेरै ०.५०३ प्रतिशत भएको प्रदेशमा पर्छ ।

हाम्रो संविधानले माध्यमिक शिक्षा कक्षा १२ सम्मलाई निःशुल्क घोषणा गरेको छ । तर, सामुदायिक विद्यालयहरू अस्तव्यस्त छन् । विद्यालय व्यवस्थापन समिति स्वार्थ समूहहरूको चलखेल गर्ने थलो बनेको छ ।

मधेशका शैक्षिक संस्थाहरूप्रति नकारात्मक धारणा बन्दै गएको छ । कतिपय शक्ति समूहहरूले यहाँका शैक्षिक संस्थालाई धाराशायी बनाउने रणनीतिमा लागेको छ । मधेशसँग मैत्रीपूर्ण नभएर कि शत्रुतापूर्ण व्यवहार गरिँदै आएको अनुभव पनि छ । मधेशको शिक्षामा संघ सरकारले पर्याप्त लगानी गर्न उत्साह देखाएको छैन । शैक्षिक संस्थाहरूमा हावी विकृति विसंगति

Flash I Report 2070

| Province Name | Total Students | | |
|---|---|---|---|
| | Grade 1 | | |
| | Girls | Boys | Total |
| Madhesh | 142638 | 137517 | **280155** |

As per Grade 1 Students of 2070, after 10 Year 34.09% children

भने मधेश प्रदेशको अवस्था अन्य प्रदेशको भन्दा कम अर्थात् असमानता धेरै देखिएको छ । प्राथमिक तहमा बालबालिकाको भर्ना दर तुलना गर्दा अन्य प्रदेशमा समान तथा एक रहेको छ भने यस प्रदेशको भने विद्यालयमा पढ्नेमा छात्रभन्दा छात्रा कम छन्, समतासूचक एक पुग्न सकेको छैन । निम्न माध्यमिक र माध्यमिक तहमा अन्य प्रदेशको एक तथा ९५ भन्दा माथि रहेको देखिएको छ भने यस प्रदेशमा भने कर्णालीको भन्दा पनि कम ०.८७ देखिन्छ । यस तथ्यबाट विद्यालय शिक्षामा लैङ्गिक असमानता सबैभन्दा बढी तथा मधेश प्रदेशमा नै रहेको देखिन्छ । शिक्षा क्षेत्रमा मधेश प्रदेश

भोले विद्यालय, राहत शिक्षक कोटा र शिक्षक दरबन्दी बिक्री, शिक्षक नियुक्ति र सरुवामा ठूलो रकमको चलखेल, साक्षरताका कोटा सञ्चालन हुन नसकेर फिर्ता, विद्यालय भवन वितरण र निर्माणमा भ्रष्टाचारजस्ता कुराले पुष्टि गर्छ ।

शैक्षिक गुणस्तर वृद्धि गर्ने कार्य अलि कठिन कार्य हो । यससँग धेरै पक्षहरू जोडिएका हुन्छन् ।

शिक्षाको जिम्मेवारी पाएका व्यक्ति, संस्था वा निकाय इमानदार, जिम्मेवार, जवाफदेही हुने र आफ्नो काममा प्रतिबद्ध भएर लाग्ने हो भने धेरै छिटो शैक्षिक गुणस्तरमा सुधार ल्याउन सकिन्छ । शिक्षा क्षेत्रमा कार्य गर्ने व्यक्ति र संस्थाको मूल्यांकनलाई विद्यार्थीको

# जुन देशमा राजनीतिलाई व्यवसाय ठानिन्छ, त्यो मुलुकमा भ्रष्टाचार हुने सम्भावना हुन्छ



**दिनेश थपलिया**

**प्रमुख आयुक्त, निर्वाचन आयोग**

**० नेपालमा नेताहरूलाई भ्रष्टाचार गर्न बाध्य पार्ने माध्यममध्ये एक निर्वाचन प्रणाली हो भन्ने गरिन्छ, यसमा कत्तिको सत्यता छ ?**

– कुनै पनि निर्वाचन प्रणाली स्वयंमा बेठीक हुँदैन । निर्वाचन प्रणालीको प्रयोग गर्ने हाम्रो व्यवस्थापकीय कौशल, तदनुसारको नीति, नियम, पद्धति, प्रक्रिया र संरचनाले त्यो प्रणालीलाई कसरी सञ्चालन गर्ने भन्ने कुराको प्रतिनिधित्व गर्छ । हाम्रो निर्वाचन प्रणाली मिश्रित हो । यसले कहीं कतै भ्रष्टाचारजन्य क्रियाकलाप, निर्वाचन प्रक्रिया र पद्धतिलाई मिच्ने कुराहरू अथवा अलोकतान्त्रिक अभ्यास भएका पो हुन् कि भन्ने आशंका छ ।

४० प्रतिशत समानुपातिक र ६० प्रतिशत पहिलो हुने निर्वाचित हुने प्रणाली राखेका छौं । स्थानीय तहमा पहिलो हुने निर्वाचित हुने प्रणाली नै छ ।

पहिलो हुने निर्वाचित हुने प्रणालीबाट मात्रै निर्वाचन गर्दा २०४८ सालमा भ्रष्टाचार ल्याएन, महँगो भएन, जटिलता ल्याएन । २०६४, २०७०, २०७४, २०७९ सालमा पनि भएन । अब २०८४ मा यदि हुन्छ भने यो भाउ कसले बढायो ? यो विकृति कसले ल्यायो ? प्रश्न यहाँ उठेको छ ।

अब बेथितिको जड र कारण खोज्नुपर्छ । २०७४ को निर्वाचनभन्दा २०७९ को निर्वाचन आधा मूल्यमा सम्पन्न भएको छ । शान्ति सुरक्षाको मूल्य घटेको छ । २०६४ को निर्वाचनमा एक उम्मेदवारले कतिको तुल टाइप्यो ? कतिको सभा गर्‍यो ? र २०७९ को निर्वाचनमा यी सबै कुरा घट्यो । यी सबै कुराले भ्रष्टाचार बढायो, सुशासन भएन, महँगो भयो भन्ने संकेत गर्दैन । तर पर्दाभित्र टिकट किन्दा करोडौं खर्च हुने गर्छ, राजनीतिक दलहरू इमान, जमान भएका मान्छेलाई भन्दा पनि धेरै खर्च गर्न सक्नेलाई टिकट दिन्छ । मतदातालाई भ्रुक्याउन, गलत प्रभाव पार्न ठूल्ठूला खर्च गर्छन्, बिचौलियाले धेरै मात्रामा खर्च गर्छन् । भोजभतेर खुवाउँछन् आदिइत्यादि बाहिर भनेको सुनिन्छ । यसको कुनै प्रमाण भेटिँदैन । यदि यो सत्य हो भने त्यो राजनीतिक दलले गरेको हो । राजनीतिक दल र उम्मेदवारले गरेको अपराध र अकर्मण्यताको भारी राजनीतिक दल र निर्वाचन गर्ने निकायले बोक्न सक्दैन । स्वाभिमानी नेपाली मतदाताले सक्दैनन् । त्यसकारण यो अफवाह हो ।

**० वि.सं. २०४६ सालपछि चप्पल पड्काएर सिंहदरबार छिरेका नेताहरू अहिले सम्भ्रान्त जीवनशैली बिताएको, आलिसान महलमा बसिरहेको आरोपबारे के भन्नुहुन्छ ?**

– पहिलो कुरा निर्वाचन प्रणालीका कारणले हिजो चप्पल पड्काउने मान्छे आज महलमा बसेको होइन । ओभरसाइड एजेन्सीहरू कसले कसरी कुन हैसियत प्राप्त गर्‍यो भनेर हेर्नुपर्ने निकायहरूले बेइमानी गरेको उपज हुन सक्छ । दोस्रो, जुन देशमा राजनीतिलाई व्यवसाय ठानिन्छ, त्यो मुलुकमा भ्रष्टाचार हुने सम्भावना हुन्छ । यो अध्ययनले भनेको हो, मैले भनेको होइन । ट्रान्सपरेन्सी इन्टरनेसलको विश्वव्यापी मान्यता छ । एउटा गाउँपालिका सदस्य समेतको व्यवसाय राजनीति भएको छ । राजनीति समाजसेवा हो । राजनीति सोख हो । मुलुकको सेवा गर्छु भनेर समर्पण गर्ने विषय हो । तर त्यसलाई हामीले पेसा र व्यवसाय बनायौं । राजनीतिकमा बिचौलिया हाबी भइरहेका छन् ।

तेस्रो, हामीले क्याडरबेस संगठन बनायौं । कम्युनिस्ट मोडलका संगठन बनायौं । हाम्रो निर्वाचन प्रणाली मासबेस्ड भयो । ठिक अपोजिट भयो । मासबेस्ड भनेपछि मासलाई चित्त बुझाउनुपर्छ । क्याडरबेस्डले मात्र भोट हालेर हुँदैन । यसले दुईवटा खराब मोडल भित्र्यायो ।

एउटा, आफ्ना क्याडरलाई चित्त बुझाउन (नत्र पार्टी छोड्छ) विभिन्न गलत कार्यहरूमा संलग्न गराउने, ठेक्का पट्टा दिने भयो । यो राजनीतिले गर्ने होइन । ठेक्कापट्टामा सहभागी गराएर क्याडरलाई बिचौलिया बनाइयो ।

दोस्रो, मासबेस्ड निर्वाचन प्रणालीमा क्याडरले मात्र चुनाव जित्दैन । चुनाव जित्नका निम्ति आफ्नै क्याडरले समेत अविश्वास गरेर पैसा खर्च गर्नुपर्छ । पैसाले मास किन्न सकिन्छ भन्ने अर्को गलत अभ्यास भित्रियो । यसले द्वन्द्व सिर्जना गर्‍यो । निर्वाचन दूषित हुँदै गयो । तथापि यो सबै निर्वाचन प्रणाली, आयोग वा आमसञ्चार क्षेत्रले होइन, राजनीति गरेको मान्छेहरूले हो । दलहरूले, पदमा रहनेहरूले हो । राजनीतिक रूपमा अन्य कुनै पेसा व्यवसाय नगरेर त्यसैलाई भजाएर खानुपर्ने, उनीहरूको विवशता र बाध्यताको उपज पनि हो ।

**० निर्वाचनका बेला राजनीतिक दल र उम्मेदवारले ब्ल्याक मनीलाई हवाइट बनाउने गर्ने गरेको आरोप छ नि ?**

– हरेक देशजस्तो दक्षिण एसियाली मुलुकहरूमा निर्वाचनको बेलामा एउटा उम्मेदवारले कति खर्च गर्न पाउने भनेर तोक्ने प्रचलन छ । भुटान, बंगलादेश, भारत थाइल्यान्डमा अथवा नेपालको कुरा गर्नोस् । तर केही युरोपियन देशहरू र अमेरिकाको चुनावमा यस्तो तोकिँदैन । त्यहाँ जति खर्च गर्न पनि पाइन्छ । यसका दुई वटा स्कुल अफ थट्स छन् ।

नेपाललगायत दक्षिण एसियाली मुलुकमा एउटा निश्चित सीमा तोकेन भने हुने खाने, धेरै पैसा उठाउन सक्नेले ब्ल्याक मनीलाई अमेरिकामा हार्ड मनी भनिँदो रहेछ । कहाँबाट आउने नदेखिने, ब्ल्याक मनी भनेको अदृश्य पैसा हो । यस्ता पैसाले साँच्चै इमान, निष्ठा र नैतिकता भएको व्यक्ति पराजित हुने खतरा हुन्छ भनेर हामीले यो अभ्यास गर्‍यौं । अहिले पनि त्यो अभ्यास गरिराखेका छौं । यसलाई सम्पूर्ण रूपमा व्यवस्थापन गर्न आचारसंहिता बनाउँछौं ।

उम्मेदवारले कस्ता विज्ञापन गर्न पाउने ? के-के शीर्षकमा खर्च गर्न पाउने ? पत्रपत्रिकामा कसरी विज्ञापन दिने ? सामाजिक सञ्जालमा कसरी खर्च गर्ने ? त्यो हिसाबकिताब कसरी पारदर्शी राख्ने ? साथै उसले त्यो खर्च कहाँबाट ल्याउँछ ? र कसरी खर्च गर्छ ? गरेको खर्च सार्वजनिक रूपमा मतदातासमक्ष र निर्वाचन आयोगमा कसरी विवरण पेस गर्छ भन्ने विषयलाई हामीले व्यवस्था गरेका छौं । यसमा जसले पालना गर्दैन, उसलाई कारबाही पनि गरेका छौं । मानौं प्रतिनिधिसभा सदस्यमा प्रत्यक्षतर्फ मनोनयन गरेका कुनै पनि उम्मेदवारले २५ लाखदेखि ३३ लाखसम्म खर्च गर्न पाउँछ । उम्मेदवारको क्षेत्र, मतदाता र मतदान केन्द्रको संख्या हेरेर खर्च हुन्छ । कसैले चुनाव जित्यो । टिकट लिँदादेखि निर्वाचन सम्पन्न हुँदासम्म जम्मा २३ लाख खर्च भयो । यो विवरण साँचो हो । झुटो भए कानुनबमोजिम सहुँला बुझाउँला भनेर त्यो विवरण पहिले जनतालाई पेस गर्छ । दोस्रो त्यही विवरणलाई आयोगमा पेस गर्छ । उम्मेदवारले पेस गरेको यो तथ्यलाई चुनौती दिएको छैन । बाहिर त हामी हल्ला सुन्छौं । तर चुनौती सम्बन्धित निकायमा दिएको कहीं देखिँदैन । हामीकहाँ आइसकेपछि त्यसलाई थोरै विश्लेषण गरेर हेर्छौं । तर एउटा सांसद वा विधायक मन्त्री, प्रधानमन्त्री वा यो देशको कानुन बनाउने मान्छेले सत्य गरेको छु, ढाँटेको छैन भनेर पेस गरेको विवरणलाई शंकाको सुविधा दिएर होइन भन्ने अधिकार हामीसँग छैन । यदि त्यसो गर्छन् भने पनि यो उनीहरूले गरेको लोकतन्त्रप्रतिको अवज्ञा हो, आचारसंहिताको अवज्ञा हो । सार्वभौम सम्पन्न जनतामाथि गरिएको घात हो । त्यस्ता मान्छेले देश बनाउँछन् भनेर हामीले प्रणाली फेर्ने मात्र होइन धेरै कुरा फेर्नुपर्छ । हामीले दिएको मतलाई विश्वासको मत भन्छौं । यसो भनिरहँदा हामीप्रति के आरोप लगाइन्छ भने आफू हेर्न नसक्ने, रोक्न नसक्ने त्यसपछि गरेनन् भन्ने ! हो, हामी एउटा मतदाताले मतदान केन्द्रमा गरेको भोटलाई सम्मान गर्छौं । देखेजस्तै गर्छौं । उसले दायाँबायाँ गरेका देखैनौं ।

त्यसकारण निर्वाचनलाई हेर्ने दृष्टिकोण जहाँ सीमा तोकिएको छ यो गर्न जरुरी छ । जहाँ सीमा तोकिएको हुँदैन ती देशहरूमा पैसा कसरी आउँछ ? पैसा कसरी खर्च हुन्छ ? भनेर घोषणा गर्नुपर्छ । त्यो ब्ल्याक मनी हो कि ह्वाइट हो ? दिने मान्छेले पनि स्रोत नखोली दिन पाउँदैन । हामीले हेर्दा दक्षिण एसियाली मुलुक र ठूला मुलुक समेत ब्ल्याक मनि जहाँ पैसाको क्यास कारोबार हुन्छ, त्यहाँ अवैध तरिकाले उठाएको धन निर्वाचनमा प्रयोग हुन्छ भनेर धेरैले शंका गर्छन् तर अजासम्म कसैले प्रमाणित गर्न सकेको छैन ।

तपाईं एउटा निष्ठाले पत्रकारिता गरिराख्नुभएको छ । एक कर्मचारी निष्ठाले काम गरिराखेको छ । एक नागरिक निष्ठाले आफ्नो खेत जोतेको छ । तर त्यही निष्ठा यो देश हाँक्छु भन्नेसँग नहुने । उनीहरूले इमानदारिता गुमाउने, जसरी पनि चुनाव जित्नुपर्ने अनि आफूले नजिलेबित्तिकै मतदाता, सांसद खरिदबिक्री हुन्छ ! विधायिक खरिदबिक्री हुने पसल कहाँ छ, त्यो हामीलाई देखाइदिनुपर्‍यो । त्यो पसलमा गएर को कतिमा बिक्री हुँदोरहेछ थाहा पाउनुपर्‍यो । हैन भने यस्ता विषयले लोकतन्त्र खतरामा पर्छ ।

**० निर्वाचित भएको ६० दिनभित्र केन्द्रीय कार्यालयमा सम्पत्ति विवरण पेस गर्नुपर्छ भनिएको छ तर पालना भएको देखिएन नि ?**

– पहिलो, राजनीतिक दलका पदाधिकारी पनि शुद्ध होउन् । जथाभावी काम नगरुन् । सम्पत्ति विवरण आओस् भनेर राजनीतिक दलसम्बन्धी कानुनमा कुनै पनि दलको केन्द्रीय सदस्यले आफू निर्वाचित भएको ६० दिनभित्र आफ्नो दललाई सम्पत्ति विवरण पेस गर्नुपर्ने व्यवस्था गरेका छौं ।

दोस्रो, स्थानीय तहदेखि विभिन्न तहको निर्वाचनमा भाग लिँदा उम्मेदवारले आफ्नो सम्पत्ति विवरण आयोगमा पेस गर्नुपर्छ भनेको छ । अब सार्वजनिक पदमा आउने व्यक्तिले ६० दिनभित्र जुनसुकै पदमा आए पनि बुझाउनुपर्छ । योमध्ये दुई वटाको प्रयोजन स्पष्ट भएन ।

एउटा केन्द्रीय समितिका सदस्यहरूले बुझाउने भनियो । प्रत्येक वर्ष आयोगमा अभिलेखीकरण भएर आएको विवरणमा कानुनको दफाबमोजिम सबै केन्द्रीय सदस्यहरूको अद्यावधिक गरेर राख्छौं । पेस गर भन्न हामी सक्छौं । कहिलेकाहीँ सबैको सम्पत्ति विवरण लिएका छौं भनेर चिठ्ठी आउँछ । लिए/नलिएबापत हामीले कारबाही गर्न सक्दैनौं । अब हामी सम्पत्ति विवरण लिए नलिएको हेरेर कारबाही गर्ने कानुन बनाउँदै छौं ।

दोस्रो, निर्वाचनको वेला लिएको विवरण निर्वाचन सकिएपछि सकिहाल्छ । त्यो बुझाउने मात्रै हो । अब त्यसलाई कसरी उपयोग गर्ने सन्दर्भमा हामी नयाँ कानुनमा जित्नेको हकमा जहाँ जितेको छ, त्यहाँ पठाइदिनेछौं । विजय नहुने हकमा जसको हो, उसैलाई फिर्ता गर्ने व्यवस्था हामीले गर्दैछौं ।

तेस्रो महत्त्वपूर्ण ठाउँ सार्वजनिक पद धारण गर्ने व्यक्तिहरूको सम्पत्ति विवरण नियुक्त हुँदा र अवकाश हुँदा के पेस गर्छन् ? त्यसमा विचलन( बढेघटेको) कति छ ? त्यो वडाध्यक्ष होस् वा मेयर होस् यी सबैको पदमा बहाल रहँदा र नरहँदा विवरण पेस गर्नुपर्छ तथा उसको वास्तविक सम्पत्ति प्रमाणित गर्नुपर्छ ।

अख्तियार, सतर्कता केन्द्र वा कुनै निकायले यति दिनभित्र छानबिन गरेर यकिन गर्छ भनेर व्यवस्था गरिदिएको भए हुन्थ्यो । त्यसकारण हामीले प्रोसेसलाई पछ्यायौं, रिजल्ट हेरेनौं । अब प्रणाली त्यता जानुपर्छ भन्ने हाम्रो मान्यता छ । अब आउने कानुनमा पनि त्यो कुरा समावेश गर्छौं ।

**० ट्रान्सपरेन्सी इन्टरनेसलनको हरेक वर्षको रिपोर्टमा नेपाल जहिले पनि अति भ्रष्टाचार गर्ने मुलुकमध्येमै पर्छ । डेनमार्क, स्विडेन सधैं भ्रष्टाचार नगर्ने मुलुकमा पर्ने तर अन्य मुलुकले सुधार गर्न नसक्ने कारण के रहेछ ?**

– अति राम्रो प्रश्न गर्नुभयो । म निर्वाचनसम्बन्धी कार्यक्रममा भाग लिने केही वर्षअघि नर्वे गएको थिएँ । त्यसपछि स्वीडेन पनि गएको थिएँ । उनीहरू सन् २०२५ सम्म पेपर मनीलाई अन्त्य गर्छौं, डिजिटल मनी मात्र प्रयोग गर्छौं भनेर पेस गरेका थिए । कार्यान्वयन भयो वा भएन थाहा छैन । निर्वाचनको वेला कडाइ गर्दागर्दै पनि ब्ल्याक मनी निर्वाचनमा प्रयोग भएको देखिएर यस्तो गरिएको थियो । निर्वाचनको वेला पूरै कागजी पैसाको चलखेललाई रोक्न डिजिटल मनीमा जानुपर्छ भनेर निर्णय गरेका छौं । यो भ्रष्टाचार नहुने एक नम्बर देशको कुरा गरिराछु । अमेरिकामा पछिल्लो समय भएको निर्वाचनमा पनि गएर सुपरिवेक्षण गरें । त्यहाँका संस्थाहरूले पैसाको चलखेल हुन्छ । ब्ल्याक मनी गर्न पाउने भएका हुनाले ठूला दलका ठूला नेताले देखाउँदा यति पैसा भनेर देखाउँछन् । त्यहाँ पनि यो विषयमा ठूलै बहस भएको देखियो ।

इन्डियामा पनि यो मुद्दा देखिएपछि एक हजार र पाँच सयको नोटलाई प्रतिबन्ध लगायो । त्यसकारण संसारभर पैसाको चलखेल हुँदोरहेछ भन्ने कुरा देखिन्छ । त्यसकारण हाम्रो देशलाई भ्रष्टाचार नहुने मुलुक बनाउनका लागि आचारसंहिता र क्यास (कागजी पैसा) को उपयोगको विषय अन्त्य गर्नुपर्छ । - रातोपाटी डटकमबाट

# प्रधानमन्त्री ओलीले राजीनामा गरी अन्तरिम सरकार गठनका लागि मार्ग प्रशस्त गर्नुपर्ने आजपाको माग

काठमाडौं । आम जनता पार्टी (आजपा)ले प्रधानमन्त्री केपी शर्मा ओलीको राजीनामा सहित अन्तरिम सरकार गठनको माग गरेको छ । आजपाले ओली नेतृत्वको सरकार र वर्तमान संविधान पूर्णरुपमा असफल भएको निष्कर्ष निकाल्दै देशलाई निकास दिन अन्तरिम सरकार गठनको माग गरेको हो ।

आजपा पार्टी केन्द्रीय कार्यालय कोटेश्वर, काठमाडौंमा बसेको पदाधिकारी बैठकले प्रधानमन्त्री सहित बहुमत मन्त्रीहरु कार्यसम्पादन मुल्यांकनमा फेल भएको र सरकार जनस्तरबाट अस्वीकृत एवं असफल भईसकेकाले नैतिकताको आधारमा प्रधानमन्त्रीले तत्काल राजीनामा दिएर अन्तरिम सरकार गठनका लागि मार्ग प्रशस्त गर्नुपर्ने निष्कर्ष निकालेको छ ।




‘वर्तमान सरकारको कारण आर्थिक सूचकांकहरु नकारात्मक बनेको, वैदेशिक कुटनीतिक सम्बन्धहरु अवरुद्ध भएको, कार्यसम्पादन मुल्यांकनमा प्रधानमन्त्री तथा बहुमत मन्त्रीहरू फेल भएको, सरकार आफै जनस्तरबाट अस्वीकृत भएको र सेवा प्रवाह, सुशासन एवं विकासका कामहरु गतिहीन भएकोले गर्दा हरेक हिसाबले कमजोर एवं असफल सिद्ध भइसकेको सरकार तथा वर्तमान व्यवस्थाबाट ठोस निकास सम्भव नरहेको ठहर सहित प्रधानमन्त्रीलाई तत्काल नैतिकताको आधारमा राजीनामा गरी अन्तरिम सरकार गठनका लागि मार्ग प्रशस्त गर्न सरकारसँग माग गरेको छ’, बैठक पश्चात आजपा उपमहासचिव एवं प्रवक्ता चन्द्रभुषण साहले आज जारी गरेको बिज्ञप्तीमा उल्लेख गरिएको छ ।

वर्तमान सरकारको कारण आर्थिक सूचकांकहरु नकारात्मक बनेको, वैदेशिक कुटनीतिक सम्बन्धहरु अवरुद्ध भएको, कार्यसम्पादन मुल्यांकनमा प्रधानमन्त्री तथा बहुमत मन्त्रीहरू फेल भएको, ओली नेतृत्वको सरकार आफै जनस्तरबाट अस्वीकृत भएको निष्कर्ष निकाल्दै आजपाले अन्तरिम सरकार गठनको माग गरेको हो । यसैगरी बैठकले दलाल दलतन्त्र र अहिलेको व्यवस्था खारेजका लागि आजपाद्धारा पूर्वघोषित तेस्रो जनआन्दोलन सफल बनाउन कमाण्डर तोकेको छ । आजपा अध्यक्ष एवं पुर्वमन्त्री प्रभु साहले दलाल दलतन्त्र र अहिलेको व्यवस्था खारेजका लागि पूर्वघोषित तेस्रो जनआन्दोलन सफल बनाउन कमाण्डर तोकेका हुन् ।

प्रवक्ता साहले दलाल एवं लुटकारी दलतन्त्रको अन्त्य र अहिलको व्यवस्थाको खारेजीका लागि संविधान सभाका सदस्य तिलक थापा मगरको नेतृत्वमा तेस्रो जनआन्दोलन परिचालन समिति गठन भएको जनाएका छन् ।

तेस्रो जनआन्दोलनको कमाण्डर तोकिएका थापा आजपाका वरिष्ठ उपाध्यक्ष समेत हुन् । सो समितिमा पार्टीका वरिष्ठ उपाध्यक्ष उपेन्द्र साह, उपाध्यक्ष ज्ञानेन्द्र तामाङ, उपमहासचिव धनकुमारी मगर, सचिवद्धय उमेश कुशवाहा, देवी पण्डित र वागमती प्रदेश कमिटीका अध्यक्ष रमेश थपलिया सदस्य रहेका छन् । यो समितिमा अन्य समितिका संयोजकहरु तथा महत्वपुर्ण जबसका नेतृत्व पदेन सदस्य रहने निर्णय बैठकले गरेको छ ।

यसैगरी बैठकले महासचिव त्रिभुवन साहको कमाण्डमा व्यवस्थापन समिति, उपमहासचिव चन्द्रभुषण साहको कमाण्डमा प्रचारप्रसार समिति, स्थायी कमिटी सदस्यद्धय रञ्जु साहको कमाण्डमा आर्थिक समिति र आर्या पाण्डेको कमाण्डमा स्वयमसेवक समिति समेत गठन गर्ने निर्णय गरेको छ ।

‘दलतन्त्र विरुद्धको तेस्रो जनआन्दोलन सफल पारौं !, जनताको शासन सहित समृद्धिको पथमा अघि बढौं !!’ भन्ने मुल नारा सहित पार्टी अध्यक्ष साहको अध्यक्षतामा बसेको बैठकले आन्दोलनलाई शसक्त र कडा बनाउने निष्कर्ष समेत निकालेको छ ।

‘बैठकले दलाल दलतन्त्रको भण्डाफोर गर्ने, नेताहरुको अत्याचारको प्रतिवाद गर्ने, धोखेवाज जनप्रतिनिधिहरुसंग भोट फिर्ता माग्ने, भ्रष्टाचारी र अपराधीहरुलाई जनकारवाही गर्ने, अनावश्यक कर बहिष्कार गर्ने, जनअधिकारको रक्षा एवं आम जनजीविकाको लागि निरन्तर संघर्ष गर्ने, असफल व्यवस्थाको खारेजीका लागि घोषित तेस्रो जनआन्दोलनलाई निर्णायक एवं सफल बनाउने संकल्प गरेको छ’, आजपा प्रवक्ता साहद्धारा जारी बिज्ञप्तीमा उल्लेख गरिएको छ ।

देशको वर्तमाान राजनीतिक अवस्था अन्यौग्रस्त, अस्तव्यस्त एंव संकटउन्मुख रहेकोले आम जनतामा राजनीतिप्रति विकर्षण, दल र नेताप्रति घृणा, राजनीतिक शक्तिहरूबीच टकराव, जनआक्रोश मार्फतको तिब्र धुर्वीकरण सहित अग्रगामी विचार, नेतृत्व एंव निकासको खोजीमा देश रहेको निकर्ष बैठकको छ ।

‘वर्तमान संवैधानिक व्यवस्थाले पार्टीका नेता तथा तिनका आसेपासे मोटाएको, दलाल एवं भगौडा वर्ग लाभान्वित भएको, जनता बेहाल एवं देश उजाड भैरहेको, आम नागरिकले लोकतन्त्रको व्यवहारिक प्रत्याभूति गर्न नपाएको तथा न्याय, समानता, सुशासन र विकासको बाधक समेत रहेकाले लुट एवं विभेदकारी चरित्रको यो असफल व्यवस्थाको विकल्पमा अब आम जनताको शासन व्यवस्थाको पथमा अगाडी बढनुपर्ने निष्कर्ष निकालेको छ’, आजपाले भनेको छ ।

यस्तै बैठकले सरकारको सेवा प्रवाह, सुशासन एवं विकासका कामहरु गतिहीन भएकाले हरेक हिसाबले कमजोर एवं असफल प्रमाणित भइसकेको सरकार तथा वर्तमान व्यवस्थाबाट ठोस निकास सम्भव नरहेको निष्कर्ष सहित प्रधानमन्त्रीलाई तत्काल नैतिकताको आधारमा राजीनामा गरी अन्तरिम सरकार गठनका लागि मार्ग प्रशस्त गर्न माग गरेको छ ।

बैठकले पार्टी सदस्यता वितरण, पार्टी कमिटी तथा जबस कमिटीहरुको गठन, पुनर्गठन, बैठक एवं भेलाहरुलाई युद्धस्तरमा अगाडी बढाउने निर्णय समेत गरेको छ ।

# धार्मिक यात्रामा नेपाल-भारत खुला सीमाले सहज




जनकपुरधाम । १५ दिनदेखि जारी मिथिला मध्यमा परिक्रमा शुक्रबार जनकपुरधाम फर्किएसँगै सम्पन्न भएको छ । लाखौं श्रद्धालु, साधु-सन्त तथा भक्तजन सहभागी यस धार्मिक यात्रामा नेपाल-भारत खुला सीमाले सहजता प्रदान गरेको देखिएको छ ।

नेपाल-भारत खुला सीमा संवाद समूह र क्लोथ बैंक नेपाल धनुषाले परिक्रमा अवधिभर नेपालमा पर्ने बासाहरुमा दिपक यादव संयोजक, रुबी झा सहसंयोजक, कृष्ण कुमार साह र धनेश्वर ठाकुर सदस्य रहने गरि समिति बनाइ हेल्प डेस्क सञ्चालन गर्दै यात्रुहरूको सेवा गरेका थिए ।

सो शिविरबाट प्राथमिक उपचार, पानी, हराएका यात्रुहरूको खोजी तथा अन्य आवश्यक सहयोग उपलब्ध गराइएको थियो ।

जिल्ला समन्वय समितिको गेटसँगै आज शुक्रबार पञ्चकोशी परिक्रमा पनि हेल्प डेस्क संचालनमा रहेको छ ।

क्लोथ बैंकका कार्यकारी सदस्य एवं समाजसेवी संजीव झाका अनुसार आज शुक्रबार भक्तजनहरूले जनकपुरधाममा ‘अन्तरगृह परिक्रमा’ अर्थात् ‘पञ्चकोशी परिक्रमा’ गरिरहेका छन् । यो परिक्रमामा माध्यमिकी परिक्रमामा सहभागी हुन नसकेका भक्तजनहरू समेत सामेल हुने गर्छन् ।

धार्मिक मान्यताअनुसार, मिथिला बिहारी र किशोरीजीको डोलासँगै परिक्रमा गर्दा भक्तजनहरू विभिन्न रोग, कष्ट तथा समस्याबाट मुक्त भई मनोकामना पूर्ण हुने विश्वास गरिन्छ ।

१३३ किलोमिटरको आस्था यात्रा मिथिला मध्यमा परिक्रमा अन्तर्गत श्रद्धालुहरूले १३३ किलोमिटर लामो यात्रा तय गरेका थिए । यो यात्रामा धनुषाको हनुमाननगर, बिहारको कलना (कल्यानेश्वर), फुलहर (गिरिजास्थान), महोत्तरीको मठिहानी, जलेश्वर, मडैई, ध्रुवकुण्ड, कञ्चनवन, पर्वता, धनुषाधाम, सतोखर, औरही हुँदै पुनः भारतको करुणा, विसौलमार्फत जनकपुरधाम फर्कने मार्ग समेटिएको थियो ।

बुद्धिजीवी एबं पुर्व सरकारी अधिकारी नन्दकुमार झाका अनुशार परिक्रमामा नेपाल-भारत खुला सीमाको भूमिका अपरिहार्य रहेको छ।नेपाल-भारत खुला सीमाले भक्तजनहरूको आवतजावतलाई सहज बनाएको थियो। धनुषा, महोत्तरी, सर्लाही, सिरहा, सप्तरीका साथै भारतको सितामढी, मधुबनी, दरभंगा, झंझारपुर, सुपौल लगायतका स्थानहरूबाट आएका श्रद्धालुहरूले सीमावर्ती क्षेत्रको धार्मिक सहअस्तित्वको लाभ उठाएका थिए । नेपाल-भारत खुला सीमा संवाद समूहका अध्यक्ष डा.राजीव झाका अनुसार परिक्रमा मार्गमा रहेका सीमावर्ती क्षेत्रहरूमा सांस्कृतिक सम्बन्ध अझै प्रगाढ भएको छ ।

## सूचना ! सूचना !! सूचना !!!

**‘व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।’**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । ’कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।’
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**जलेश्वर नगरपालिका**
महोत्तरी, मधेश प्रदेश

## सूचना ! सूचना !! सूचना !!!

**‘व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।’**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । ’कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।’
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
